आज मिति २०७९।०४।१९ गते विहिबार विहान ११:३० बजे यस भोटेकोशी गाउँपालिकाका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पाज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा तपशीलका पदाधिकारीहरुको उपस्थितिमा उल्लेखित प्रस्ताव उपर छलफल गरी निर्णय गरियो।

<u>तपशील</u>

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | पासाङ नुर्पु शेर्पा | अध्यक्ष | |
| २) | श्री दिछेन शेर्पा | उपाध्यक्ष | |
| ३) | श्री साङ्वु लामा | १ नं वडा अध्यक्ष | |
| ४) | श्री कुमार श्रेष्ठ | २ नं वडा अध्यक्ष | |
| ५) | श्री निमा सोना शेर्पा | ३ नं वडा अध्यक्ष | |
| ६) | श्री टासि शेर्पा | ४ नं वडा अध्यक्ष | |
| ७) | श्री दावा त्यम्बा तामाङ | ५ नं वडा अध्यक्ष | |
| ८) | श्री आङछिरीङ शेर्पा | कार्यपालिका सदस्य | |
| ९) | श्री बच्चु घतानी | कार्यपालिका सदस्य | |
| १०) | श्री पम्फा वि क | कार्यपालिका सदस्य | |
| ११) | श्री रुपा रिमाल लाम्गाते | कार्यपालिका सदस्य | |
| १२) | श्री जमुना थामी | कार्यपालिका सदस्य | |
| १३) | श्री निमि शेर्पा | कार्यपालिका सदस्य | |
| १४) | श्री भद्र बहादुर बस्नेत | प्रमुख प्रशासकीय अधिकृत | |

सहयोगी कर्मचारी

| | | |
|---|---|---|
| १) | श्री तेज प्रसाद ढकाल | अधिकृत सातौं |
| २) | श्री भवानी प्रसाद मिश्र | लेखा अधिकृत |
| ३) | श्री गंगासागर पौड्याल | रोजगार संयोजक |
| ४) | श्री रामचन्द्र बानियाँ | प्रशासन शाखा |
| ५) | श्री सपना कार्की | कार्यालय सहयोगी |

भोटेकोशी गाउँपालिका
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

**प्रस्तावहरु:**

१) उपभोक्ता समिति गठन र प्रशिक्षण कार्यक्रम सम्बन्धमा
२) दुगुनागढी टाँसीथान सडकको ठेक्का म्याद थप सम्बन्धमा
३) बार्षिक समिक्षा कार्यक्रम सम्बन्धमा
४) योजनाहरुको टेण्डर गर्ने सम्बन्धमा
५) सोलार स्ट्रिट लाइटको टेण्डर सम्बन्धमा
६) प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि योजना छनौट सम्वन्धमा
७) जनप्रतिनिधिहरुको १०० दिने कार्य प्रगति प्रस्तुत (मिति २०७९/०५/१४ गते) सम्बन्धमा
८) भोटेकोशी गाउँपालिका भित्रको नदीनालाहरुको EIA Report तयार सम्वन्धमा
९) चाकु मार्मिङ सडक DPR सम्बन्धमा
१०) शाखा प्रमुख र प्राविधिकहरुलाई संचार तथा इन्धन खर्च सम्बन्धमा
११) टोल विकास समिति गठन सम्बन्धमा
१२) २०७८/०७९ को बैंक मौज्दात अल्या सम्बन्ध
१३) २०७८/०७९ को बाँकि भुक्तानी सम्बन्धमा
१४) भैरवकुण्ड मेला व्यवस्थापन खर्च सम्बन्धमा
१५) ढुवानी दररेट कायम गरि भुक्तानी सम्बन्धमा
१६) स्थानीय स्तरमा पाइने निर्माण सामाग्रीहरुको हकमा ढुवानी दररेट सम्बन्धमा
१७) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासिको स्थानीय तहमा लगत संकलन सहजीकरण समिति गठन सम्वन्धमा
१८) नदि नियन्त्रण सम्बन्धमा
१९) विविध।

भोटेकोशी गाउँपालिका
जलिम्बुकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

निर्णयहरु

१) प्रस्ताव नं १ उपर छलफल गर्दा उपभोक्ता समिति २०७९ भाद्र मसान्त सम्म गठन गर्ने र सम्पूर्ण उपभोक्ता समितिहरुलाई आश्विन पहिलो हप्ता सम्ममा प्रशिक्षण दिने निर्णय गरियो ।

२) प्रस्ताव नं २ उपर छलफल गर्दा दुगुनागढी टाँसीथान सडकको थप गरिने समयमा काम सकाउने गरि ठेकेदार मार्फत लिखित जवाफ तथा प्रतिवद्धता भएमा ६ महिना म्याद थप गर्ने निर्णय गरियो ।

३) प्रस्ताव नं ३ उपर छलफल गर्दा बार्षिक समिक्षा कार्यक्रम श्रावण २४ गते गर्ने र समिक्षा कार्यक्रमका लागि शाखाहरुलाई प्रगति विवरण तयार गर्न निर्देशन दिने निर्णय गरियो।

४) प्रस्ताव नं ४ उपर छलफल गर्दा लागत अनुमानको १ करोड सम्म उपभोक्ता समिति मार्फत गर्ने र १ करोड भन्दा माथिको योजनाहरु टेण्डर गर्ने निर्णय गरियो ।

५) प्रस्ताव नं ५ उपर छलफल गर्दा सोलार स्ट्रिट लाइटको टेण्डर गर्ने निर्णय गर्ने निर्णय गरियो ।

६) प्रस्ताव नं ६ उपर छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि योजना छनौट वडाको सिफारिसको आधारमा गर्ने निर्णय गरियो ।

७) जनप्रतिनिधिहरुको १०० दिने कार्य प्रगति प्रस्तुत मिति २०७९/०५/१४ गते गर्ने निर्णय गरियो।

८) भोटेकोशी गाउँपालिका भित्रको नदीनालाहरुको EIA Report तयार गर्ने निर्णय गरियो ।

९) चाकु मार्मिङ सडकको DPR पहिले गरेको DPR हेरी पुनः गर्नु पर्ने भएमा मात्रै गर्ने निर्णय गरियो ।

१०) शाखा प्रमुखहरुलाई सिम सहितको महिनाको रु ५०० संचार खर्च उपलब्ध गराउने र इन्धन खर्च न्युनतम महिनाको १० लिटर र प्राविधिकको हकमा आवश्यकता अनुसार स्थलगत अनुगमनको आधारमा उपलब्ध गराउने निर्णय गरियो।

११) सबै वडाहरुमा टोल विकास समिति गठन २०७९ भाद्र २० गते सम्ममा गर्ने निर्णय गरियो ।

१२) आ.व. २०७९/०८० को बैंक मौज्दात देखिएको रु १७ करोड ९२ लाख ८१ हजार अनुमान गरिएकोमा अनुमान भन्दा बढी बैंक मौज्दात देखिएको रु ३२ लाख ५९ हजार गत विगतको काम बाँकि ठेक्का योजना खोकुण्डोल फुल्पिङ घिसिंङडाँडा सडक

स्तरउन्नति क्रमागत र दुगुना टासीथान सडक नयाँ ट्र्याक ओपन कार्यका लागि विनियोजन कायम गरि खर्च गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१३) गत आ.व. ०७८/०७९ मा SUTRA System मा आएको ढिलाईपन को कारणले मिति २०७९/०३/२५ भित्र भुक्तानी दिन बाँकि रहेको (मलेप फाराम नं २७२ मा प्रविष्टि) रु ५४१८८२८ आ.व. ०७९/०८० को लागि विनियोजित सम्वन्धित खर्च शिर्षक बाट भुक्तानीको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१४) निजि क्षेत्र बाट प्राप्त हुन लागेको २०७९ को भैरवकुण्ड मेला व्यवस्थापन तर्फको नपुग खर्च भएको खण्डमा गाउँपालिकाको विविध कार्यक्रम खर्चबाट व्यवस्थापन निर्णय गरियो।

१५) आ.व. २०७८/०७९ मा जिल्ला दररेटलाई आधारमानि बाह्रविसे बाट हिन्दी सम्मको १७ किमी पक्कि सडकलाई थप ढुवानी कार्य गर्ने र हिन्दी बाट गाउँपालिकाको माथिल्लो क्षेत्रमा निर्माण कार्य गर्नुपर्ने भएमा ठाउँ अनुसारको दुरीलाई आधार मानि थप ढुवानी दररेट कायम गरि भुक्तानी गर्ने निर्णय गरियो ।

१६) स्थानीय स्तरमा पाइने निर्माण सामाग्रीहरुको हकमा ढुवानी सहितको जिल्ला दररेट र ढुवानी बाहेकको जिल्ला दररेट दुवैलाई आधार मानि दररेट निर्धारण गर्ने निर्णय गरियो ।

१७) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासिको स्थानीय तहमा लगत संकलन सम्बन्धि कार्यविधि २०७८ को दफा (४) को उपदफा (१) बमोजिम सहजीकरण समिति गठन गर्नका लागि कार्यपालिका सदस्य अन्तर्गत महिला सदस्य तर्फ श्री जमुना थामी र दलित सदस्य तर्फ श्री बच्चु घतानी छनौट गर्ने निणर्य गरियो । साथै राष्ट्रिय मान्यता प्राप्त राजनितिक दलहरुलाई उक्त समिति गठनका लागि सदस्य प्रतिनिधि खटाइदिनु हुन भनि पत्राचार गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१८) लार्चा खोला भोटेकोशी वडा नं २ र ३ नदि नियन्त्रण विपद् कोष मार्फत गर्ने निर्णय गरियो ।

१९) सिन्धुपाल्चोक जिल्ला दररेट, काठमाडौं जिल्ला दररेटमा उल्लेख नभएका कतिपय नर्म्स प्रयोग हुने योजनाहरु स्तुपा, मठ, मन्दिरको कला आदि जस्ता कार्यहरु गर्नु पर्ने भएमा सो संग सम्बन्धित संघसंस्थाबाट दररेट माग गरि गर्ने गराउने निर्णय गरियो ।